# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

National Natural Resources and Fiscal Commission

प.सं.:
च.नं./Ref:

## प्रेस विज्ञप्ति

आयोगका माननीय सदस्य श्री विपिन राज निरौलाज्यूबाट प्रदेश प्रमुखको सम्पर्क कार्यालय, बागमती प्रदेश, ललितपुरमा मिति २०७९ आषाढ ३ गते आयोजित एक समारोहका बीच माननीय प्रदेश प्रमुख श्री यादव चन्द्र शर्माज्यू समक्ष आयोगको प्रदेशगत (बागमती प्रदेश) तेस्रो वार्षिक प्रतिवेदन पेश गर्नुभयो। समारोहमा माननीय सदस्यज्यूबाट प्रतिवेदनको संक्षिप्त व्यहोरा प्रस्तुत गर्दै अन्तर सरकारी बित्तीय हस्तान्तरण, आन्तरिक ऋण परिचालन, राजस्व बाँडफाँड लगायतका विषयमा आयोगले दिएका सुझावहरु कार्यान्वयनको लागि प्रदेश सरकार र स्थानीय सरकारले समेत आ-आफ्नो क्षेत्रबाट योगदान गर्नुपर्ने बताउनुभयो। साथै, आयोगको सिफारिस बमोजिम प्राप्त बजेटको प्रभावकारी कार्यान्वयन गरी वित्तीय सङ्घीयतालाई सुदृढ पार्न संघ, प्रदेश र स्थानीय तह तीनै पक्षको विशेष भुमिका रहने बताउनुभयो।

प्रतिवेदन ग्रहण गर्दै प्रदेश प्रमुख माननीय श्री यादव चन्द्र शर्माज्यूले आयोगद्वारा प्रस्तुत प्रतिवेदनले धेरै विषयमा आफूलाई जानकारी प्रदान गरेको बताउनुभयो। साथै वहाँले उक्त प्रतिवेदनले सार्वजनिक वित्तको तथ्यपरक र न्यायपूर्ण वितरण र व्यवस्थापनमा महत्वपूर्ण योगदान दिने कुरामा आफू विश्वस्त रहेको बताउनुभयो। कार्यक्रममा वहाँले राष्ट्र हामी सबैको साझा फूलबारी भएकोले सबै मिलेर यसलाई गोडमेल गर्नुपर्ने समेत बताउनुभयो।छोटो कालखण्डमा नयाँ नयाँ प्रयोगहरु राज्यले गर्नुपरेको सन्दर्भमा नयाँ व्यवस्थापन र प्रावधानलाई अपनाउन कतिपय अवस्थमा असहज भएको भए तापनि क्रमशः सर्वाङ्गीण क्षेत्रमा मुलुकले काँचुली फेर्ने विश्वास समेत व्यक्त गर्नुभयो।

२०७९/३/३

सह-सचिव

सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२००५९२, फ्याक्स: +९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel:+977-1-4200592, Fax:+977-1-4200593
E-mail:info@nnrfc.gov.np, Website:www.nnrfc.gov.np